**२०७६ साल बैशाख १२ गते बिहीवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** विपद्मा परी मृत्यु भएका ५१ जना मृतकका हकवालालाई विपद् व्यवस्थापन कोषमा रहेको रकमबाट खर्च लेख्ने गरी प्रति मृतक रु.१,००,०००।–(एक लाख रुपैयाँ) का दरले राहत उपलब्ध गराउने।

२. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश नं. ५ मा २०७६ सालमा प्रदेश स्तरमा देहाय अनुसार थप सार्वजनिक एवम् पर्व विदा स्वीकृत गर्नेः-

| क्र.स. | चाडपर्व/उत्सवको नाम | बिदा दिनुपर्ने मिति | बिदा लागु हुने क्षेत्र |
|---|---|---|---|
| १ | बकर ईद | तिथि अनुसार | प्रदेशभर |
| २ | माघि र माघे संक्रान्ति | माघ १ र २ गते | |
| ३ | प्रदेश स्थापना दिवस | फागुन ३ गते | |
| ४ | स्थानीय तहको आवश्यकतालाई मध्यनजर गरी स्थानीयतहको निर्णयबाट | १ दिन | स्थानीय तहभर |
| ५ | निश्चित पर्व मनाउने समुदायले बिदा पाउने (भूम्या पूजा, बडका अतवारी, रमजान) | १ दिन | सम्वन्धित समुदाय |

३. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः** लुम्बिनी भ्रमण वर्ष कार्यक्रम, २०७६ मा संशोधन गर्ने।

४. **सामाजिक विकास मन्त्रालयः** अन्तर्राष्ट्रियस्तरको रंगशालाको निर्माण, नेत्रलाल अभागी रंगशालाको स्तरवृद्धि र उजिरसिंह रंगशालाको निर्माण गर्न स्वीकृती प्रदान गर्ने।

५. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश नं. ५, प्रदेश सभाको चालू अधिवेशन सम्वत् २०७६ साल बैशाख २२ गते आइतवार राति १२ बजेदेखि अन्त्य गर्न नेपालको संविधानको धारा १६६ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।